नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाडौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या : ०७५/७६

च.नं. : ६१०

मिति : २०७६/०१/०९

बिषयः जानकारी पठाउने सम्बन्धमा ।

श्री स्थानीय तहहरु सबै,

प्रस्तुत बिषयमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प.स.२३/०७५/७६ च.नं.४८४ मिति २०७५/१२/२७ को आवश्यक समन्वय र सहजिकरण गर्ने सम्बन्धमा प्राप्त पत्र यसै साथ संलग्न छ । उक्त पत्रबाट व्यहोरा अवगत गर्नुभई एफ.एम. रेडियो प्रसारणसँग सम्बन्धित कानूनहरु निर्माण भएको जानकारी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पठाउनुहुन आदेशानुसार अनुरोध छ ।

(केशवराज पाधे)

शाखा अधिकृत

बोधार्थः

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं।

श्री सूचना तथा प्रविधि शाखाः वेभसाइटमा अपलोड गर्नु हुन ।

२-२।०६।२१।

नेपाल सरकार

# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सिंहदरबार, काठमाडौं

श्रव्यदृश्य तथा प्रसारण शाखा

प.स. २३/०७५।७६ च.नं ४८४

मिति २०७५।१२।२७

दर्ता नं.:- ९६३२२

मिति:- ०७६।१।१२

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार।

विषय:- स्थानिय तहले एफ.एम. रेडियो संचालन गर्ने सम्बन्धमा।

राष्ट्रिय प्रशारण ऐन, २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम सबै प्रकारका प्रसारण संस्थाहरुलाई प्रसारण इजाजत दिने, विदेशी प्रसारण संस्थाको प्रसारण नेपाल भित्र डाउनलिङ्क गर्ने कार्य र रेडियो ऐन, २०१४ तथा रेडियो संचार (लाइसेन्स) नियमावली,२०४९ बमोजिमका सबै कार्यहरु संघीय सरकारको संचार तथा सूचना प्रविधि मन्त्रालयबाट गरिदै आएको छ।

नेपालको संविधान,२०७२ को अनुसूची ८ स्थानिय तहको अधिकारको सूची अन्तर्गत एफ.एम. संचालन उल्लेख भएको र यस प्रावधानलाई कार्यान्वयनमा लैजानका लागि राष्ट्रिय प्रशारण ऐन,२०४९ मा संशोधन भई १००(एक सय) वाट सम्मका एफ.एम.रेडियो संचालनको इजाजत, नविकरण र नियमन सम्बन्धी कार्य आफ्नो स्थानिय तहको क्षेत्रभित्र सम्बन्धित स्थानिय तहले कानून बनाई गर्न सक्ने व्यवस्था गरिएको छ। हाल एफ.एम. रेडियो प्रसारण इजाजत,नविकरण र नियमन सम्बन्धी कागजात एवं फायलहरु सूचना तथा प्रशारण विभागमा रहेका छन्।

अत: राष्ट्रिय प्रसारण ऐन मा भएको पछिल्लो संशोधन अनुसार एक सय(१००) वाट सम्मको एफ.एम. रेडियो प्रशारणको इजाजत,नविकरण र नियमनका लागि ७५३ (सात सय त्रिपन्न) वटै स्थानिय तहबाट कानून निर्माण भए पश्चात कागजात एवं फायलहरु सम्बन्धित स्थानिय तहमा हस्तान्तरण गरी पठाउन सकिने हुँदा प्रसारणसँग सम्बन्धित कानूनहरु निर्माण भएको जानकारी यस मन्त्रालयमा पठाउनका लागि तहाँबाट आवश्यक सहयोग समन्वय र सहजिकरण हुन मिति २०७५।१२।२१ को (मन्त्रीस्तर) निर्णयानुसार अनुरोध छ।

(तुलसी प्रसाद घिमिरे)
उप-सचिव

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, काठमाण्डौ।

:\Sakul\नयाँ चिठी\केवुल शाखाको चिठी.docx_

श्री तालुक शाखा

२०७६।१।१२